नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०८०/८१
च.नं. ११८

मिति २०८०/१०/२१

श्री स्थानीय तह (सबै)।

विषयः सङ्घीय समन्वय समितिको निर्णय कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं.०८०-८१, च.नं. मा.अ./७२१/३४९२ मिति २०८०/१०/१६ को पत्रसाथ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, सङ्घीय समन्वय समितिको मिति २०८०/१०/१० को बैठकबाट **"मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजना** (आ.व.२०७७/७८-२०८१/८२) को कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धमा" भएको निर्णय यसैसाथ संलग्न छ। उक्त निर्णय कार्यान्वयनको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार शाखामा समेत पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

०८०.१०.२१

(हरिप्रसाद पौडेल)
शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मानव अधिकार शाखा।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ : website मा upload गरिदिनु हुन।

फोनः४२००२८६,फ्याक्स नं.:४२००१०८/१०९/११० इमेलः federal.affairs1@gmail.com, वेबसाइटःwww.mofaga.gov.np,

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

मानव अधिकार शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः ०८०-८१
च.नं.:- मा.अ./७२१/3452

मितिः २०८०/१०/१६

विषयः संघीय समन्वय समितीको निर्णय कार्यान्वयनका लागि पठाईएको सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 2566
दर्ता मितिः- 10/16

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, संघीय समन्वय समितीको मिति २०८०/१०/१० मा "मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को कार्यान्वयनको प्रगति समिक्षा सम्बन्धमा" बसेको बैठकको निर्णयको प्रतिलिपी यसै साथ संलग्न छ। उक्त निर्णय कार्यान्वयनका लागि सबै स्थानिय तहहरुमा प्रेषित गरीदिनुहुन निर्णयानुसार अनुरोध छ।

(बुद्ध लक्ष्मी तामाङ्ग)
शाखा अधिकृत

निर्णयः

१. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनामा समावेश भएका क्रियाकलापका लागि तोकिएका जिम्मेवार निकाय (नेपाल सरकार मातहतका मन्त्रालय लगायतका निकाय, प्रदेश सरकार र स्थानीय तह) ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा तोकिएका क्रियाकलाप समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

२. नेपाल सरकार र प्रदेश सरकारका जिम्मेवार निकाय तथा स्थानीय तहले कार्ययोजनामा तोकिए बमोजिमका क्रियाकलाप सम्बन्धमा भएका प्रगतिको बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार तथा सन्धि सम्झौता महाशाखामा नियमित रुपमा प्रतिवेदन पठाउने।

३. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि कार्ययोजनाले व्यवस्था गरेका प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति तथा स्थानीय समन्वय समितिहरुको बैठक तत्काल बसी सम्बन्धित मन्त्रालय वा कार्यालयबाट सम्पन्न गर्न तोकिएका क्रियाकलापहरुको कार्यान्वयन अवस्थाको समीक्षा गरी सम्वन्धित तहमा मानव अधिकार सम्बन्धमा भएका कामकारवाहीको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखामा पठाउने।

४. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन र उक्त कार्ययोजनामा तोकिएको जिम्मेवारी बमोजिमको कार्य सम्पादन गर्न जिल्ला समन्वय समितिहरूलाई स्रोत व्यवस्था अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक प्रबन्ध गर्ने।

५. प्रदेश तथा स्थानीय तहमा कार्ययोजनाहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चितताका लागि राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संवैधानिक आयोगहरु र मानव अधिकारको क्षेत्रमा सक्रिय गैर सरकारी संघ संस्थाहरुसँग निरन्तर समन्वय र सहकार्य गर्ने।

६. संघीय समन्वय समितिको बैठकमा समितिको कुनै निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको हुँदा समितिको आगामी बैठकहरुमा आवश्यकता अनुसार मानव अधिकारका क्षेत्रमा सक्रिय रहेका विकास साझेदार र सामाजिक संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्ने।

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय